नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९] काठमाडौं, जेठ २२ गते २०३६ साल [अतिरिक्ताङ्क १६

श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालयको

सूचना

आवश्यक सेवा संचालन ऐन, २०१४ को दफा २ को खण्ड (क) को उप-खण्ड (७) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्नलिखित सेवालाई सो ऐनको तात्पर्यको लागि आवश्यक सेवा मानिने गरी तोकिदिएको छ।

१. विद्युत् संचालन तथा वितरण सेवा,
२. खानेपानीको संचालन तथा वितरण सेवा,
३ बैंकिङ्ग कारोवारसम्बन्धी सेवा,
४ वारूणयन्त्रसम्बन्धी सेवा,
५. पेट्रोलियम पदार्थको आयात तथा वितरणसम्बन्धी सेवा,
६. खाद्य पदार्थको आयात तथा वितरणसम्बन्धी सेवा, र
७. अस्पताल, स्वास्थ्य केन्द्र र औषधी निर्माण तथा बिक्री-वितरणसम्बन्धी सेवा।

आज्ञाले–
सूर्यप्रसाद श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

923

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।